आज मिति २०८१ मङ्सिर ७ गते शुक्रबारका दिन यस लिखुपिके गाउँपालिकाको अध्यक्ष श्री मिना कार्की (वस्नेत)को अध्यक्षतामा तपशील वमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८१/०८२ को सातौं गाउँ कार्यपालिकाको वैठक वसी निम्नानुसारको निर्णय गरियो:

**उपस्थिति**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मिना कार्की (वस्नेत) | अध्यक्ष | |
| २. | श्री ङ्वाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३. | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४. | श्री मणिराजा बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री धुववहादुर वस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६. | श्री हिक्मतवहादुर वस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७. | श्री ङिमाछिरि लामा | ५ नं. वडा अध्यक्ष | |
| ८. | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९. | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | |
| १०. | श्री सविता बि.क. | कार्यपालिका सदस्य | |
| ११. | श्री चित्रमाया वराईली | कार्यपालिका सदस्य | |
| १२. | श्री निरकुमार बि.क. | कार्यपालिका सदस्य | |
| १३. | श्री मानवहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री काजीमान राई | सचिव | |

१५ श्री रेश्म कराई लेखापाल

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय सम्बन्धमा।
२. सहकारी संस्थाहरुसँगको छलफल सम्बन्धमा।
३. सार्वजनिक सुरक्षा सम्बन्धमा।
४. विद्यालयलाई अनुदान सम्बन्धमा।
५. आँगन उपन्यास केन्द्रको दर निर्धारण सम्बन्धमा।
६. जाडो मर्मतको भत्तानी सम्बन्धमा।
७. सडक यातायात पुल योजना। नगर सम्बन्धमा।
८. सडक स्तरोन्नतीको रकम माग सम्बन्धमा।
९. पदमार्ग स्तरोन्नतीको। लागि बजेट माग। सम्बन्धमा।
१०. भवन निर्माणका लागि बजेट माग सम्बन्धमा।
११. श्री व्याक हो लोगरको भाडा सम्बन्धमा।

१ प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८१ कार्तिक ३० गते बसेको चालु आ.व. २०८१/०८२ को छैटौं कार्यपालिका बैठकमार्फत् भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन् भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२ प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस गाउँपालिकालाई कार्यक्षेत्र बनाएर सञ्चालनमा रहेका सम्पूर्ण सहकारीहरुको अवस्थालाई अध्ययन गर्नका लागि कार्यपालिका बैठकको निर्णयानुसार गठन भएको अध्ययन समितिले तयार गरेको प्रतिवेदन उपर छलफल हुँदा क्रियाशील रहेका जम्मा ६ वटा सहकारीका सञ्चालक समितिका अध्यक्ष, सचिव, कोषध्यक्ष/व्यवस्थापकसँग तपशीलको मिति, समय र स्थामा छलफलका लागि आवश्यक कागजातसहित निमन्त्रण गर्ने निर्णय गरियो-

**तपशील**

(क) मिति - २०८१ मङ्सिर २३

(ख) समय - बिहान ११ बजे

(ग) स्थान - गाउँपालिकाको सभाहल

३. प्रस्ताव नम्बर ३ उपर छलफल यस गाउँपालिकाबाट भए गरेका काम कारबाही र सेवा प्रवाहका सम्बन्धमा आम नागरिकका सुझाव, गुनासोउपरसार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नका लागि तपशीलको मिति, समय र स्थान निर्धारण गर्ने निर्णय गरियो-

**तपशील**

**वडा नम्बर २**

(क) मिति - २०८१ पौष २५

(ख) समय - बिहान ११ बजे

(ग) स्थान - २ नम्बर वडा कार्यालय

**वडा नम्बर ४**

(क) मिति - २०८१ माघ ६

(ख) समय - बिहान ११ बजे

(ग) स्थान - ४ नम्बर वडा कार्यालय

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका माध्यमिक विद्यालयमा अध्ययनरत एस्.ई.ई. परीक्षामा समेल हुने विद्यार्थीहरुको नतिजामा सुधार ल्याउनका लागि एस्.ई.ई. परीक्षा लक्षित पठन पाठन गराउनका लागि तीनवटै मा.वि.लाई रु. ५०,०००। दरले मौज्दात रकमबाट अनुदान दिने निर्णय गरियो ।

५. प्रस्ताव न ६ उपर छलफल गर्दा यस गाउँपालिका र तिलगंगा आंखा प्रतिष्ठानको सयुक्त साझेदारीमा सञ्चालनमा आएको आंखा उपचार केन्द्रमार्फत् सेवा प्रवाह गर्नका लागि तपशील बमोजिमको शुल्क निर्धारण गर्ने निर्णय गरियो-

**Frame and accessories:**

| SN | Details | Rate Per Price | Remarks |
|---|---|---|---|
| 1 | DV DR Grey | 500 | |
| 2 | Sunfire | 750 | |
| 3 | GK Oval | 550 | |
| 4 | Poma Rryptok | 800 | |
| 5 | Metal Full | 550 | |
| 6 | Poma Logo Side | 750 | |
| 7 | 999 Metal | 1000 | |
| 8 | Baby Gogg | 200 | |
| 9 | Gents Gogg | 900 | |
| 10 | Ladies Gogg | 1100 | |

**Lens Details**

| SN | Details | Rate Per Price | Remarks |
|---|---|---|---|
| 1 | HC Plano | 350 | |

| | | | |
|---|---|---|---|
| 2 | BRC Plano | 450 | |
| 3 | BRC+(-) 0.25 to +(-)2.00 | 450 | |
| 4 | HC Plano/KB(+1.50to+3.00) | 350 | |
| 5 | BRC (0.25 cyl to 1.00cyl) | 450 | |

***साथै आँखा उपचार केन्द्रमा आउने सेवाग्राही र दन्त उपचार केन्द्रमा आउने सेवाग्राहीलाई भर्ना शुल्क (Ticket Price) वापत प्रति सेवाग्राही ५० का दरले लिने निर्णय गरियो ।***

६ प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष कार्यालयको कामको सिलसिलामा काठमाडौं जाने क्रममा यस कार्यालयको नामा रहेको बा २ झ ३६८७ नम्बरको स्कार्पिओ गाडी बिग्रिएर चल्न नसक्ने कुरा उल्लेख गरी सवारी चालक जीवन बस्नेतले कार्यालयमा निवेदन पेश गरेको । पेश भएको निवेदनका आधारमा कार्यालयमा सूचीकृत रहेको महिन्द्र कम्पनीको आधिकारीक सर्भिसिडसेन्टर **युनिक आइडियल अटो मोबाइल्स प्रा.लि., बालकुमारीलाई** स्टमेट पेश गर्नका लागि कार्यादेश दिएकोमा उक्त **युनिक आइडियल अटो मोबाइल्स प्रा.लि., बालकुमारीबाट** रु. **१७२,१७४.९४** को स्टमेट तथा लागत अनुमान पेश भएको हुँदा निर्माणकर्ताबाट पेश भएअनुसारको भ्याटबीलका आधारमा उक्त रकम सवारी साधन मर्मत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

७ प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा यस गाउँपालिकाको तेरौं गाउँसभामार्फत् चालू आ.व. २०८१/०८२ का लागि यस गाउँपालिकाको **गाउँपालिकास्तरीय सडक यातायात गुरु योजना** तयार गर्नका लागि स्वीकृत भएको बजेटलाई कार्यान्वयन गर्नका लागि सार्वजनिक खरिद नियमावली २०६४ मा भएको व्यवस्था वमोजिम परामर्शदाता संस्थासमेत छनोट भई कार्यादेश दिइए वमोजिम परामर्शदाता संस्थासँग प्रारम्भिक छलफल गरी वडा भेलामार्फत् सडक छनोट गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा वडा नम्बर ५ को कार्यालयको सिफारिसका आधारमा किञ्जा-भकाञ्जे-लामजुरा सडकको स्तरोन्नती कार्यका लागि पूर्वाधार विकास कार्यालय, हर्कपुर, ओखलढुङ्गासमक्ष रु. ५०,००,०००। माग गर्नका लागि पत्राचार गर्ने निर्णय गरियो ।

९ प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा वडा नम्बर ५ को कार्यालयको सिफारिसका आधारमा किञ्जा-भकाञ्जे-लामजुरा सगरमाथा प्रवेशको पदमार्ग निर्माण गर्नका लागि संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमक्ष रु. १,००,००,०००। माग गर्नका लागि पत्राचार गर्ने निर्णय गरियो ।

१० प्रस्ताव नम्बर १० उपर छलफल गर्दा वडा नम्बर ५ को कार्यालयको सिफारिसका आधारमा वडा नम्बर ५ मा अवस्थित साङाछ्योलिङ गुम्बाको भान्सा घर निर्माण गर्नका लागि शहरी तथा भवन निर्माण विभाग, काठमाडौंसमक्ष रु. ४०,००,०००। माग गर्नका लागि पत्राचार गर्ने निर्णय गरियो ।

११ प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा गाउँपालिकाका मातहत रहेका सडक संरचना र अन्य पूर्वाधारमा भएको क्षतीलाई न्यूनीकरण गर्दै यातायात आवागमनमा सहजता ल्याउनका लागि मर्मत सम्भार कार्यविधि तयार गरी ३ महिनाका लागि ब्याक हो लोडर भाडामा लिनका लागि सार्वजनिक सूचना जारी गर्दा जिरी निर्माण सेवा, दोलखाले पेश गरेको प्रस्ताव न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहरिई प्रतिघण्टा रु. ३२,०० (इन्धन, मर्मत, मू.अ.कर र अपरेटर भत्तासहित) कबोल गरेको । सोही आधारमा उक्त संस्था र गाउँपालिकाबीचमा प्रतिमहिना १०० घण्टाका दरले ३ महिना ब्याक हो लोडर सञ्चालन गर्ने र सो बापत प्रतिघण्टा रु. ३२,०० (इन्धन, मर्मत, मू.अ.कर र अपरेटर भत्तासहित) का दरले भाडा उपलब्ध गराउने निर्णय भए बमोजिम १६१.४ घण्टाको रु. ५१६,४८० भुक्तानी दिइसकेको ।

हाल आएर सो संस्थाका तर्फबाट थप ३५४.६ घण्टा मेसिन सञ्चालनमा आएको हुँदा प्रति घण्टा रु. ३२,००। का दरले जम्मा रु. ११,३४,७२०। रकम भुक्तानीका लागि कार्यालयमा निवेदन र करबीजक बील पेश भएको । सो का गाउँपालिकाबाट तयार भएको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि २०८१ मा भएको व्यवस्था बमोजिम गठित सहजीकरण समितिको सिफारिस र लग बुकका आधारमा सो संस्थालाई गतसालको मौज्दात रकमबाट रु. ११,३४,७२०। रकम भुक्तानी दिने निर्णय गरियो । साथै सोलुदुधकुण्ड नगरपालिकाको सहयोगमा १ थान रोलर उपलब्ध भई गाउँपालिका मार्फत् निर्माण भएको सडकसोलिङलाई रोलिङ गरी थप व्यवस्थित गर्नका लागि सो ब्याक हो लोडर आवश्यक पर्ने हुनाले पौष मसान्तसम्म साविक कै दररेटमा प्रयोग गर्ने र रोलर प्रयोग भइञ्जेलसम्मका लागि दैनिक ज्यालादारीमा २ जना कामदार प्रयोग गर्ने निर्णय गरियो ।